# स्थानीय तहको आर्थिक ऐनको

**महोत्तरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः**

महोत्तरी गाउँपालिका आर्थिक वर्ष 2074/075 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (2) बमोजिम महोत्तरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 2074" रहेको छ ।

(2) यो ऐन 2074 साल श्रावण 1 गतेदेखि महोत्तरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** :गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¬याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¬याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 12 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूचीहरु :

**१) यस अनुसूचि सम्बन्धि सम्पति कर पछि निर्धारण गरिने छ ।**

२) **मालपोत शुल्क (तिरो) को दररेटः**

| क्र.सं. | प्रकार | खेत (प्रति कठा रु.) | बारी (प्रति रोपनी रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | | | |
| २ | दोयम | | | |
| ३ | सिम | | | |
| ४ | चाहार | | | |
| ५ | घडेरी | प्रति घडेरी रु. २०० | | |
| नोटः १विघा १० कठा सम्म रु ७,पाँच विघा सम्म रु १५ सो भन्दामाथिजग्गा भएमा रु. २० शुल्क लिइनेछ । समयमानतिरेमाप्रतिवर्ष १० प्रतिशतले थपिदै जानेछ । | | | | |

**३.घरबहाल करः**

| **क्र.सं.** | **विवरण** | **दररेट** | **कैफियत** |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक सँस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | सम्झौता भए बापतको १३% | |

**४.व्यवसाय कर दर रेटः**

| क्र.सं. | विवरण | वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | |
| २ | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १००० | |
| ३ | तालिम हल, एट्याच टोइलेट बाथरुम, वाईफाई सहितको होटल | २००० | |

| | | | |
|---|---|---|---|
| ४ | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | १००० | |
| ६ | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज, कपडा/जुत्ता/चप्पल पसल, नर्शरी (फलफुल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रिबितरण), मेडिकल/एग्रोभेट | १००० | |
| ७ | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामाग्रीहरु), ईन्धन व्यवसाय, | ५०० | |
| ८ | हार्डवेयर, फर्निचर | १५०० | |
| ९ | सुनचाँदि पसल, बोर्डिङ विद्यालय, मनि एक्स्चेन्जर (IME) | २००० | |
| १० | सहकारी तथा लघुवित्त | ३००० | |
| ११ | बैंकिङ तथा बित्तीय कारोवार | १०००० | |
| १२ | ठेक्का पट्टा | २००० | |
| १३ | ठेक्का पट्टा लाइसेन्स नविकरण | १५०० | |
| १४ | टेलर/सैलुन/विउटी पार्लर, फ्रेश हाउस, स्टेशनरी | ५०० | |
| १५ | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु), साइवर, ट्रेकिङ एजेन्सि | ५०० | |
| १६ | अन्य व्यवसाय | ५०० | |

**५.जडिबुटी करको दर रेटः-**

| क्र.सं. | जडिबुटी | प्रतिकेजीको दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | अलैंचि | ५ | |
| २ | अम्लिसो | ०.५ | |
| ३ | चिराइतो | २ | |
| ४ | मजिटो | १ | |
| ५ | अदुवा | १ | |

## ६.सवारी साधन पटके कर दर रेटः

| क्र.सं. | सवारी साधनकोकिसिम | दररेट (एक पटकको रु.) | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, डोजर, ट्र्याकटर, जिप, टेम्पु, हेभि इक्विपमेन्ट | १०० | |

## ७.विज्ञापन करः

| क्र.सं. | प्रकार | दररेट वार्षिक | कफियत |
|---|---|---|---|
| १ | कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ वोर्ड, फ्लेक्स प्रिन्ट, पर्खाल बार भित्ता आदिमा विज्ञापन गरे बापत | १००० | |

## ८.मनोरञ्जन करः

| क्र.सं. | विवरण | दररेट (एक पटकको) | कैफियत |
|---|---|---|---|
| १ | जादु, चटक, नाटक, सर्कस देखाए बापत | १०० | |

**९.) बहाल बिटौरी कर :**

**१०.) पार्किङ कर :**

**११.) ट्रेकिङ, कोयो.किङ, क्यानोईङ, बन्जीङ, जम्पीङ, जिपफ्लायर र रफ्टङ्गी शुल्क :**

## १२.सेवा शुल्क सम्वन्धि दस्तुरः

| क्र.सं. | सिफारिसको विवरण | दस्तुररु. | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत सिफारिस | १०० | |
| २ | संघ संस्थाको सिफारिस | १०० | |
| ३ | नागरिकता सिफारिस | १०० | |
| ४ | नागरिकता प्रतिलिपि | ३०० | |
| ५ | नाता प्रमाणित (जिवित सँगको/मृतक सँगको) | २०० | |
| ६ | मदिरा उद्योग सिफारिस | १००० | |
| ७ | घर जग्गा नामसारी सिफारिस | २०० | |
| ८ | मोही लगत कट्टा सिफारिस | २०० | |
| ९ | घर कायम सिफारिस | २०० | |
| १० | छात्रवृत्ती सिफारिस | १०० | |
| ११ | अपाङ्ग सिफारिस | ५० | |
| १२ | स्थायी/अस्थायी बसोबास सिफारिस | १०० | |
| १३ | बैबाहिक अङ्गिकृत नागरिकता सिफारिस | २०० | |
| १४ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० (तर २०,००,००० भन्दा बढी भएमा जम्मा मुल्याङ्कनको | |

| | | | |
|---|---|---|---|
| | | ०.५% ले) | |
| १५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० (निशुल्क) | |
| १६ | विद्युत/धारा जडान सिफारिस | २०० | |
| १७ | जिवित रहेको सिफारिस | ५००० | |
| १८ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० | |
| १९ | फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| २० | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | ५०० | |
| २१ | व्यवसाय बन्द/सन्चालनमा नरहेको सिफारिस | ५०० | |
| २२ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २३ | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| २४ | नावालक परिचय पत्र सिफारिस | १०० | |
| २५ | चौपाय सम्वन्धि सिफारिस | १०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | २०० | |
| २७ | संस्था/व्यवसाय दर्ता | ५०० | |
| २८ | व्यवसाय नविकरण | २०० | |
| २९ | उद्योग/ विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| ३० | विद्यालय सन्चालन स्विकृत/कक्षा वृद्वि सिफारिस | १००० | |
| ३१ | जग्गा दर्ता सिफारिस | १०० | |
| ३२ | संरक्षक सिफारिस | १०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | |
| ३४ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ३५ | घरबाटो/चारकिल्ला प्रमाणित | २०० | |
| ३६ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ३७ | अविवाहित प्रमाणित | ५०० | |
| ३८ | जग्गा धनिपुर्जा हराएको सिफारिस | १०० | |
| ३९ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | |
| ४० | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ४१ | विवाह दर्ता | ५० | |
| ४२ | जन्म दर्ता | ५० | |
| ४३ | मृत्यु दर्ता | ० (निशुल्क) | |
| ४४ | बसाईसराई | ५० | |

| | | | |
|---|---|---|---|
| ४५ | घटना दर्ता प्रतिलिपि | ५०० | |
| ४६ | हल भाडा | १००० | |
| ४७ | उद्योग दर्ता सिफारिस | ५००० | |
| ४८ | चल अचल सम्पत्ति सिफारिस | १००० (२५ लाख सम्मको), त्यो भन्दा माथिको हकमा ०.५% ले | |
| ४९ | संस्थालाई अनुभव पत्र | ५०० | |
| ५० | वन जडिवुटी पुर्जी सिफारिस | ५०० | |
| ५१ | जग्गा नामसारी | २०० | |
| ५२ | बैंक वित्तीय संस्था दर्ता | ५०० | |
| ५३ | प्राईभेट स्कुल दर्ता | ५००० | |
| ५४ | घरेलु साना उद्योग दर्ता | ५०० | |
| ५५ | खानेपानी मुहान दर्ता | १००० | |
| ५६ | ईन्डियन तथा युके पेन्सन सिफारिस | १००० | |
| ५७ | अन्य | ५०० | |

### १३. पर्यटन शुल्कको दर रेटः

| क्र.सं. | पर्यटक किसिम | दररेट (एक पटकको रु.) | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | २० | |
| १ | सार्क भित्रका | १०० | |
| २ | एसिया भित्रका | ५०० | |
| ३ | अन्य मुलुकका | १००० | |